Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.**
**Singhadurbar Plaza**
**Kathmandu**

# Press Release

Date: 2075.12.29

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल टेलिभिजन बीच सम्झौता

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल टेलिभिजन बीच TVC प्रसारण गर्ने सम्बन्धमा शुक्रबार सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा. महेन्द्र बिष्टले हस्ताक्षर गर्नुभएको छ । सो समारोहमा नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गको समुपस्थिती रहेको थियो ।

सम्झौता पछि राष्ट्रिय वाणिज्य बैंकले उपलब्ध गराएको TVC नेपाल टेलिभिजनबाट दैनिक १४ पटक लामो समाचार अगाडि प्रसारण गरिने छ ।

समारोहमा नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले दुई सार्वजनिक संस्थाको सहकार्यबाट सिर्नजी इफेक्ट हुन गई संस्था र सरकार थप बलियो हुने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता पश्चात सरकारको नीति तथा कार्यक्रमको कार्यन्वयनमा थप सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो । नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा. महेन्द्र बिष्टले दुबै संस्थाको बिश्वास र इमेज बढेर जाने बताउनुभयो ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकरी अधिकृत महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुख राज्य लक्ष्मी खड्गी, नेपाल टेलिभिजनका महाप्रवन्धक गोबिन्द रोका लगागत दुबै संस्थाका बरिष्ठ अधिकारीहरुको उपस्थिती  रहेको थियो ।

